# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

## वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८

**प्रस्तावनाः** वन्यजन्तुको आवतजावतलाई सुरक्षित तुल्याई वन्यजन्तु दुर्घटना कम गर्न तथा मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्नको लागि वन्यजन्तुको बासस्थान र हिँडडुलका क्षेत्रमा निर्माण हुने रेखात्मक प्रकृतिका पूर्वाधार संरचनालाई वन्यजन्तुमैत्री बनाउन वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका नेपाल राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अति संवेदनशील क्षेत्र" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, जैविक मार्ग वा रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्र सम्झनु पर्छ।

(ख) "अन्य वनक्षेत्र" भन्नाले अति संवेदनशील क्षेत्र र संवेदनशील क्षेत्र बाहेकको वनक्षेत्र सम्झनु पर्छ।

(ग) "प्रवर्द्धक" भन्नाले पूर्वाधार आयोजनाको अध्ययन, निर्माण तथा सञ्चालन गर्न अनुमति प्राप्त निकाय, कम्पनी, संस्था वा व्यक्ति सम्झनु पर्छ।

(घ) "प्राविधिक टोली" भन्नाले दफा ६ को उपदफा (२) बमोजिम गठन हुने प्राविधिक टोली सम्झनु पर्छ।

(ङ) "पूर्वाधार" भन्नाले रेखात्मक प्रकृतिका सडक, रेलमार्ग, नहर, नदी नियन्त्रण सम्बन्धी बाँध, तटबन्ध लगायतका संरचना, ग्याँस तथा तेलका पाइप लाईन, विद्युत प्रसारण लाईन, जलविद्युत आयोजनाको बाँध, हेडरेस नहर, हेडरेस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

पाइप तथा पेनस्टक पाइप र यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(छ) "वन्यजन्तुमैत्री संरचना" भन्नाले पूर्वाधारको अभिन्न अङ्गकै रुपमा रहने गरी निर्माण हुने देहाय बमोजिमका संरचना सम्झनु पर्छः-

(१) भायडक्ट, पुल, फ्लाइओभर, कल्भर्ट वा यस्तै प्रकृतिका पूर्वाधारको मुनिबाट वन्यजन्तु आवत जावत गर्न सक्ने अण्डरपास संरचना,

(२) भिलेज रोड ब्रीज, इको ब्रीज, क्यानोपी ब्रीज वा यस्तै प्रकृतिका पूर्वाधारको माथिबाट वन्यजन्तु आवत जावत गर्ने ओभरपास संरचना,

(३) र्याम्प, गाइडिङ फेन्स, गाइडिङ वाल, एभियन डिफ्लेक्टर वा यस्तै प्रकृतिका वन्यजन्तुको आवत जावत गर्न तथा त्यस्ता संरचनामा भएका पानी लगायतका स्रोतमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पहुँच उपलब्ध गराउन प्रयोग हुने संरचना ।

(ज) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ।

(झ) “सम्बन्धित निकाय” भन्नाले पूर्वाधार निर्माण गर्ने वा पूर्वाधार निर्माणको लागि अनुमति प्रदान गर्ने वा नियमन तथा अनुगमन गर्ने सरकारी स्वामित्वमा रहेको विभाग वा कार्यालय सम्झनु पर्छ।

(ञ) “संवेदनशील क्षेत्र” भन्नाले देहायका क्षेत्र सम्झनु पर्छः-

(१) वातावरण संरक्षण क्षेत्र,

(२) संरक्षण क्षेत्र,

(३) वन संरक्षण क्षेत्र,

(४) मध्यवर्ती क्षेत्र,

(५) विभिन्न प्रकारका बासस्थानको सङ्गमक्षेत्र (इकोटोन)।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-२

## योजना तर्जुमा सम्बन्धी व्यवस्था

३. **अति संवेदनशील क्षेत्र बाहिर पूर्वाधार निर्माण गर्नु पर्ने**: (१) कुनै पूर्वाधार निर्माणको लागि सम्भाव्यता अध्ययन गर्दा त्यस्तो पूर्वाधार अति संवेदनशील क्षेत्रभन्दा बाहिर निर्माण हुने गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अति संवेदनशील क्षेत्र भित्र मानवबस्ती भएको वा अन्य कारणले त्यस्तो क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएको अवस्थामा त्यस्तो क्षेत्रमा समेत पूर्वाधार निर्माण गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम अति संवेदनशील क्षेत्रमा पूर्वाधार निर्माण गर्नु पर्ने भएमा सम्बन्धित निकाय वा प्रवर्द्धकले वन्यजन्तुको बासस्थान, जैविक मार्ग र पारिस्थितिकीय प्रणालीमा उल्लेखनीय प्रतिकूल प्रभाव नपर्ने विकल्पको प्रस्ताव गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विकल्पको प्रस्ताव गर्दा भौतिक, जैविक, सामाजिक तथा आर्थिक पक्षलाई मध्यनजर गरी दिगो हुने गरी गर्नुको साथै पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री संरचना समेत निर्माण गर्ने सुनिश्चित गर्नु पर्नेछ।

४. **पूर्व सहमति लिनु पर्ने**: (१) दफा ३ बमोजिम अति संवेदनशील क्षेत्रमा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्नका लागि सम्बन्धित निकाय वा प्रवर्द्धकले मन्त्रालयको पूर्वसहमति लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको सहमति लिने प्रयोजनका लागि निवेदन दिँदा सम्बन्धित निकाय वा प्रवर्द्धकले अनुसूची-१ मा उल्लिखित विषयवस्तु समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो क्षेत्रमा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्न उपयुक्त हुने देखेमा एक्काइस दिनभित्र सोको लागि सहमति दिनेछ।

५. **<u>छलफल तथा समन्वय गर्नु पर्नेः</u>** (१) अति संवेदनशील क्षेत्र वा संवेदनशील क्षेत्र प्रयोग हुने गरी प्रस्ताव गरिएका कुनै पनि पूर्वाधार आयोजनाको अध्ययन गर्दा सुरुवातदेखि नै त्यस्तो पूर्वाधारसँग सम्बन्धित सरोकारवाला निकायसँग छलफल तथा समन्वय गर्नु पर्नेछ।

(२) दफा ३ बमोजिम सम्भाव्यता अध्ययन गर्दा सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतसँग समन्वय गर्नु पर्नेछ।

६. **<u>प्राविधिक टोलीबाट अध्ययन गराउनु पर्नेः</u>** (१) अति संवेदनशील क्षेत्र, संवेदनशील क्षेत्र र तराई तथा भित्री मधेशमा पर्ने अन्य वनक्षेत्रमा पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण सम्बन्धी विस्तृत आयोजना प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित निकाय वा प्रवर्द्धकले प्राविधिक टोलीबाट अध्ययन गराई प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक टोली गठन गर्दा देहाय बमोजिमको सदस्य रहने गरी गठन गरिनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सिभिल ईन्जिनियर एक जना,

(ख) वन्यजन्तु विज्ञ एक जना,

(ग) वन विज्ञ एक जना,

(घ) विषय विज्ञ (पूर्वाधार निर्माणको विषयसँग सम्बन्धित) एक जना ।

(३) प्राविधिक टोलीमा रहने विज्ञले सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्नेछ।

(४) प्राविधिक टोलीले देहायका आधारमा वन्यजन्तुमैत्री संरचना निर्माण गर्नु पर्ने स्थान, प्रकार र डिजाईन पहिचान तथा निर्धारण गर्नु पर्नेछः-

(क) पूर्वाधारले वन्यजन्तुमा पार्न सक्ने प्रभाव,

(ख) लक्षित वन्यजन्तु प्रजातिको आकार, आनीबानी तथा पूर्वाधार प्रतिको प्रतिक्रिया,

(ग) वन्यजन्तुमैत्री संरचना निर्माणस्थलको वातावरणीय अवस्था, भू-बनोट, जलाधार तथा हावापानीको आधारमा अण्डरपास वा ओभरपासको उपयुक्तता,

(घ) यातायात सेवाको सुरक्षा तथा संरचनागत दिगोपना,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अन्य वन्यजन्तु प्रजातिको संरक्षण तथा आवत जावतको सुविधा,

(च) वन्यजन्तुमैत्री संरचनाको नजिक पानीका स्रोत,

(छ) वन्यजन्तुमैत्री संरचनाको वरिपरिका स्थानीय वनस्पति प्रजाति,

(ज) विगतमा भएका वन्यजन्तु दुर्घटनाको तथ्याङ्क,

(झ) वन्यजन्तुको आवत जावत र बासस्थान प्रयोग सम्बन्धी अवलोकन,

(ञ) अन्यत्र भएका सफल अभ्यासको सिकाई,

(ट) सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लिखित सुझाव,

(ठ) अन्य उपयुक्त आधार।

(५) प्राविधिक टोलीले अध्ययन तथा प्रतिवेदन तयार गर्दा देहायका व्यवस्था समावेश हुने गरी गर्नु पर्नेछ :-

(क) पूर्वाधार निर्माणस्थलको वरपर पाइने अनुसूची-२ बमोजिमका वन्यजन्तुको विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पूर्वाधारले वन्यजन्तुको बासस्थानमा पुऱ्याउन सक्ने अनुसूची-३ बमोजिमका प्रतिकूल प्रभावको विश्लेषण,

(ग) अनुसूची-४ मा उल्लिखित आधारभूत मापदण्ड बमोजिम निर्माण गर्नु पर्ने वन्यजन्तुमैत्री संरचना सम्बन्धी सिफारिस।

(६) प्राविधिक टोलीले यस दफा बमोजिम अध्ययन गर्दा सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतसँग समन्वय गर्नु पर्नेछ र प्रतिवेदन तयार गर्दा निजहरुको राय सुझाव समेत लिनु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको क्षेत्र बाहेक अन्य वनक्षेत्रको हकमा सम्बन्धित निकाय वा प्रवर्द्धकले डिभिजन वन कार्यालयसँगको सहकार्यमा अध्ययन गरी अनुसूची-४ मा उल्लिखित आधारभूत मापदण्ड बमोजिमको वन्यजन्तुमैत्री संरचना छनौट गरी निर्माण गर्नु पर्नेछ।

७. <u>विस्तृत आयोजना प्रतिवेदन तथा लागत अनुमान तयार गर्नु पर्नेः</u> (१) दफा ६ बमोजिमको अध्ययन प्रतिवेदन बमोजिम सम्बन्धित निकाय वा प्रवर्द्धकले वन्यजन्तुमैत्री संरचनाको डिजाईन समेत समावेश गरी विस्तृत आयोजना प्रतिवेदन र सोही आधारमा लागत अनुमान तयार गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम विस्तृत आयोजना प्रतिवेदन तथा लागत अनुमान तयार गर्दा वन्यजन्तुमैत्री संरचनाको डिजाईन अनुसूची-४ मा उल्लिखित आधारभूत मापदण्ड बमोजिम हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको वन्यजन्तुमैत्री संरचना पूर्वाधारको अभिन्न अङ्ग हुनेछ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्दा सम्बन्धित निकाय वा प्रवर्द्धकले सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतको लिखित राय सुझाव लिई समावेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको लिखित राय सुझाव माग भएमा सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतले अनुसूची-५ मा उल्लिखित विषयवस्तु समावेश गरी पन्ध्र दिनभित्र लिखित राय सुझाव दिनु पर्नेछ।

## परिच्छेद-३

## वन्यजन्तुमैत्री संरचना निर्माण

८. **वन्यजन्तुमैत्री संरचना निर्माण गर्नु पर्नेः** (१) दफा ७ बमोजिम तयार भई प्रचलित कानून बमोजिम स्वीकृत भएको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम सम्बन्धित निकाय वा प्रवर्द्धकले सो प्रतिवेदनमा तोकिएको स्थान तथा डिजाईनमा वन्यजन्तुमैत्री संरचना निर्माण गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको संरचना निर्माण गर्दा प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय समेत अवलम्बन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्माण गरिने अण्डरपास संरचना र ओभरपास संरचनाको दायाँबायाँ पर्खाल, गाइडिङ फेन्स, ध्वनि प्रतिरोधक लगायतका संरचना बनाउँदा सम्भव भएसम्म स्थानीय सामग्रीको प्रयोग गरी वन्यजन्तुको बासस्थानसँग मिल्दोजुल्दो हुने गरी निर्माण गर्नु पर्नेछ।

९. **वनक्षेत्र प्रयोग सम्बन्धी व्यवस्था:** पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण तथा विस्तार गर्दा वनक्षेत्रको प्रयोग र सो बापतको जग्गा सट्टाभर्ना गर्ने सम्बन्धी व्यवस्था वन सम्बन्धी सङ्घीय कानून बमोजिम हुनेछ।

१०. **पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण गर्दा गर्न नहुने कार्य:** (१) पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण तथा विस्तार गर्दा सम्बन्धित निकाय वा प्रवर्द्धकले देहायका कार्य गर्नु वा गराउनु हुँदैन:-

(क) वन्यजन्तुको बासस्थान, जैविक मार्ग र पारिस्थितिकीय प्रणालीमा प्रतिकूल प्रभाव पर्ने कार्य गर्न,

(ख) अति संवेदनशील तथा संवेदनशील क्षेत्रभित्र फोहर फाल्न, कुनै तरिकाबाट माटो, जल, वायु वा ध्वनि प्रदूषण गर्न,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको स्थान बाहेक अन्य स्थानमा कामदार शिविर, निर्माण सामग्री भण्डारण स्थल, फोहोर व्यवस्थापन स्थल, निर्माण सामग्री प्रशोधन स्थलको रूपमा प्रयोग गर्न,

(घ) स्वीकृति लिएका बाहेकका रुख बिरुवा कटान गर्न, काठ दाउरा सङ्कलन गर्न, आयातित बिरुवा रोप्न,

(ङ) कुनैपनि वन्यजन्तु मार्न, लखेट्न, समात्न, तर्साउन, शिकार खेल्न वा कुनै प्रकारले हानि पुऱ्याउन तथा माछा मार्न,

(च) अनुमति प्राप्त नभएका निर्माण सामग्री, औजार, मेसिन, उपकरण तथा विष्फोटक पदार्थ प्रयोग गर्न,

(छ) विस्तृत आयोजना प्रतिवेदन तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा निषेध गरिएका अन्य क्रियाकलाप गर्न,

(ज) प्रचलित कानून विपरीतका अन्य कार्य गर्न।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण तथा विस्तार गर्दा देहायका विषयलाई विशेष प्राथमिकताका साथ संरक्षण गर्नु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम संरक्षित सूचीमा सूचीकृत वन्यजन्तु तथा वनस्पति प्रजाति,

(ख) रैथाने, बसाईसराई गरी आउने, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति प्रजाति,

(ग) महत्त्वपूर्ण पारिस्थितिकीय प्रणाली,

(घ) पानीको स्रोत, वन्यजन्तुका प्रजनन् तथा विचरण क्षेत्र,

(ङ) प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित अन्य कार्य।

११. <u>निर्माण सुरु भएका वा निर्माण भइसकेका पूर्वाधारमा वन्यजन्तुमैत्री संरचना बनाउनेः</u> (१) यो निर्देशिका प्रारम्भ हुनु अघि निर्माण सुरु भएका पूर्वाधारमा वन्यजन्तुमैत्री संरचना निर्माण गर्न आवश्यक देखिएमा सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतले त्यस्तो संरचना निर्माणका लागि सम्बन्धित निकाय वा प्रवर्द्धकलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित निकाय वा प्रवर्द्धकले सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतको सहकार्यमा आवश्यकता अनुसार अध्ययन गराई उपयुक्त वन्यजन्तुमैत्री संरचना निर्माण गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यो निर्देशिका प्रारम्भ हुनु अघि निर्माण भई सञ्चालनमा रहेको पूर्वाधारमा वन्यजन्तुमैत्री संरचना निर्माण गर्न आवश्यक देखिएमा सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतले सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भई आएमा सम्बन्धित निकायले आवश्यकता अनुसार अध्ययन गराई त्यस्तो पूर्वाधारमा उपयुक्त वन्यजन्तुमैत्री संरचना निर्माण गर्नु पर्नेछ।

१२. <u>रेखदेख तथा मर्मत सम्भार</u>ः (१) दफा ८ र ११ बमोजिम निर्माण भएका वन्यजन्तुमैत्री संरचनाको रेखदेख तथा मर्मत सम्भार गर्ने कार्यको दायित्व र जिम्मेवारी सम्बन्धित निकाय वा प्रवर्द्धकको हुनेछ।

(२) वन्यजन्तुमैत्री संरचनाको रेखदेखका लागि सम्बन्धित निकाय वा प्रवर्द्धकले देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) सडकमार्ग, द्रुतमार्ग तथा रेलमार्ग जस्ता रेखात्मक प्रकृतिका पूर्वाधारको हकमा तराई तथा समथर क्षेत्रमा सडक तथा रेलमार्गको किनारा देखि दायाँबायाँ कम्तीमा आठ-आठ मिटर र पहाडी तथा हिमाली क्षेत्रमा कम्तीमा दुई-दुई मिटरसम्म झाडी बुट्यान सफाई गर्ने तथा फोहोरमैला व्यवस्थापन गर्ने,



मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सिँचाइ तथा नदी नियन्त्रण पूर्वाधारको हकमा सो पूर्वाधारसँग जोडिएका क्रस ड्रेनेज, र्‍याम्प तथा अन्य यस्तै प्रकारका संरचनाको मर्मत सम्भार गर्ने,

(ग) विद्युत प्रसारण लाइनको हकमा त्यस्तो लाइनको क्षेत्राधिकार भित्रको रुख काँटछाँट तथा झाडी बुट्यान सफाई गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बाहेकका पूर्वाधारको हकमा सो पूर्वाधारसँग सम्बन्धित निकाय वा प्रवर्द्धकले रेखदेख तथा मर्मत सम्भार सम्बन्धी आवश्यक कार्य गर्ने।

(३) पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माणस्थल वरपरको वन्यजन्तु बाहुल्य भएको क्षेत्र तथा वन्यजन्तु वारपार गर्ने क्षेत्रमा सम्बन्धित निकाय वा प्रवर्द्धकले आवश्यकता अनुसार चिन्हपट, चित्रपट लगायतका सन्देशमूलक होर्डिङ बोर्ड राख्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको कार्य गर्नु अघि सम्बन्धित निकाय वा प्रवर्द्धकले सम्बन्धित संरक्षक वा डिभिजनल वन अधिकृतको सहमति लिनु पर्नेछ।

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-४

## विविध

१३. **समिति सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष जस्ता संरक्षित क्षेत्रभित्र पर्ने वा सो क्षेत्र भएर जाने प्रसारण लाईन, राष्ट्रिय राजमार्ग, प्रादेशिक लोकमार्ग, रेलमार्ग, जलविद्युत आयोजना, सिँचाई तथा यसका पहुँच पूर्वाधारहरुको निर्माण लगायत राष्ट्रिय पूर्वाधार कोरिडोर वा क्षेत्र निर्धारणका लागि सिफारिश गर्न देहायबमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | सदस्य |
| (ग) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| (घ) | सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| (ङ) | सचिव, पूर्वाधार निर्माणको लागि प्रस्ताव गर्ने निकायसँग सम्बन्धित मन्त्रालय | सदस्य |
| (च) | सहसचिव, मन्त्रालय | सचिव-सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष जस्ता संरक्षित क्षेत्रभित्र पर्ने वा सो क्षेत्र भएर जाने राष्ट्रिय पूर्वाधार कोरिडोर वा क्षेत्र निर्धारणको प्रस्ताव गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिम प्रस्ताव गरिएको क्षेत्रको स्वीकृतिका लागि सिफारिस गर्ने,

(ग) खण्ड (क) बमोजिमको क्षेत्रमा हुने विकास आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने ।

१४. <u>अनुगमनः</u> (१) यस निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना भए नभएको, विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन र स्वीकृत डिजाईन बमोजिम वन्यजन्तुमैत्री संरचना निर्माण भए नभएको, निर्माण भइसकेका पूर्वाधारलाई वन्यजन्तुमैत्री बनाउन आवश्यक कार्य भए नभएको तथा वन्यजन्तुमैत्री संरचनाको प्रभावकारिताको सम्बन्धमा देहायका निकायले सम्बन्धित निकाय वा प्रवर्द्धक समेतको सहभागितामा अनुगमन गरी सोको प्रतिवेदन देहायका निकायमा पेश गर्नु पर्नेछः-

(क) विभागले आफ्नो कार्यक्षेत्रभित्र निर्माण भएका वन्यजन्तुमैत्री संरचनाको सम्बन्धमा अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा,

(ख) प्रदेश वन निर्देशनालयले आफ्नो कार्यक्षेत्र भित्र निर्माण भएका वन्यजन्तुमैत्री संरचनाको सम्बन्धमा अनुगमन गरी सोको प्रतिवेदन प्रदेशको वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयमा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अनुगमन प्रतिवेदनमा उल्लिखित विषय तथा आवश्यक देखिएका अन्य विषय समेतको कार्यान्वयनका लागि मन्त्रालय वा प्रदेशको वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयले सम्बन्धित निकाय वा प्रवर्द्धकलाई लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालय वा प्रदेशको वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट कुनै सुझाव कार्यान्वयन गर्नका लागि लेखी आएमा सम्बन्धित निकाय वा प्रवर्द्धकले त्यस्तो सुझावको यथाशीघ्र कार्यान्वयन गरी सोको जानकारी त्यसरी सुझाव पठाउने निकायलाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम अनुगमन तथा प्रतिवेदन तयारी गर्ने कार्यमा सहयोग गर्नु सम्बन्धित निकाय वा प्रवर्द्धकको दायित्व हुनेछ।

**१५. अनुसूचीमा हेरफेर गर्न सक्नेः** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**पूर्व सहमतिका लागि दिने निवेदनमा समावेश हुनुपर्ने विषयवस्तु**

१. आयोजनाको नाम
२. सम्बन्धित निकाय वा प्रवर्द्धकको नाम र ठेगाना
३. आयोजनाले प्रयोग गर्न सक्ने वनको चार किल्ला (कोअर्डिनेट) र नक्सामा आयोजनाले प्रत्यक्ष प्रभाव पार्न सक्ने वन क्षेत्र
४. आयोजना कार्यान्वयन हुने स्थानको पूरा ठेगाना
५. प्रचलित वन ऐन वा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम राष्ट्रिय निकुञ्ज/आरक्ष/वन संरक्षण क्षेत्र/रामसार/जैविक मार्गको किसिम
६. आयोजना स्थलमा पाइने मुख्य वन्यजन्तु तथा वनस्पति प्रजाति
७. आयोजनाको लागि आवश्यक पर्ने वन क्षेत्रको अनुमानित क्षेत्रफल (हेक्टरमा)
८. अन्य सान्दर्भिक विवरण ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा ६ को उपदफा (५) को खण्ड (क) सँग सम्बन्धित)

## प्रतिवेदनमा उल्लेख गर्नु पर्ने पूर्वाधार निर्माण स्थलको वरपर पाइने वन्यजन्तुको सूची

१. साना वन्यजन्तु प्रजातिः-

(क) कछुवा प्रजाति, सर्प प्रजाति, गोहोरो प्रजाति, गोही प्रजाति, छेपारो प्रजाति, भ्यागुता जस्ता उभयचर तथा सरीसृप प्रजाति,

(ख) लोखर्के प्रजाति, खरायो प्रजाति, दुम्सी प्रजाति, सिभेट प्रजाति, ओत प्रजाति, न्याउरी मुसा, बाँदर प्रजाति, सालक प्रजाति, हाब्रे, चरिबाघ, लिङ्गसाङ जस्ता साना स्तनधारी प्रजाति।

२. मझौला वन्यजन्तु प्रजातिः-

साना जङ्गली बिरालो प्रजाति, निर बिरालो, जङ्गली कुकुर (ढोले), स्याल, ब्वाँसो, लिंक्स, साना मृग प्रजाति, कृष्णसार, चौका, हुँडार, चितुवा प्रजाति, डल्फिन (सोंस), बँदेल प्रजाति।

३. ठुला वन्यजन्तु प्रजातिः-

गैंडा, बाघ, भालु प्रजाति, ठुला मृग प्रजाति, झारल, घोरल, निलगाई, गौरी गाई, अर्ना।

४. धेरै ठुला वन्यजन्तु प्रजातिः-

जङ्गली हात्ती।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(दफा ६ को उपदफा (५) को खण्ड (ख) सँग सम्बन्धित)

## पूर्वाधारले वन्यजन्तुको बासस्थानमा पार्न सक्ने प्रतिकूल प्रभावको सूची

| क्र.स. | क्षेत्र | प्रतिकूल प्रभाव |
|---|---|---|
| १. | निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, वनक्षेत्र, जैविक मार्ग | बासस्थान क्षेत्र खण्डीकरण<br>(क) आहारा, पानीका स्रोत, सुरक्षित प्रजनन् स्थल र विचरणमा अवरोध<br>(ख) वन्यजन्तु दुर्घटनामा वृद्धि तथा मृत्यु<br>(ग) वंशाणुगत विविधतामा क्षयीकरण<br>बासस्थान विनाश<br>(क) आहारा र बासस्थान क्षेत्र घट्ने, नाश हुने<br>(ख) आहारा र जीवनयापनको लागि वन क्षेत्र बाहिर जानुपर्ने बाध्यात्मक अवस्था<br>(ग) मानव-वन्यजन्तु द्वन्द्वको सिर्जना<br>(घ) रुख कटानी<br>(ङ) नदीजन्य पदार्थको दोहन<br>बासस्थानमा आउने परिवर्तन<br>(क) उपयोगविहीन तथा अखाद्य मिचाहा प्रजातिको फैलावट<br>(ख) चोरी शिकार बढ्न सक्ने<br>(ग) प्रजातिको सङ्ख्या तथा संरचनामा परिवर्तन<br>(घ) सङ्कटापन्न अवस्थामा रहेका दुर्लभ, लोपोन्मुख र संरक्षित प्रजातिको अवस्थामा परिवर्तन<br>(ङ) अन्य प्रभाव |
| २. | सिमसार | (क) सिमसार पुरिने र पानी सुक्ने, प्रदूषण हुने, क्षयीकरण हुने, मिचाहा प्रजातिको फैलावट, जैविक |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | विविधतामा ह्रास<br>(ख) सिमसारमा आश्रित स्थानीय समुदायको जीविकोपार्जनमा पर्ने प्रभाव<br>(ग) अन्य प्रभाव |
| ३. | चुरे तथा वातावरण संरक्षण क्षेत्र, महत्त्वपूर्ण जैविक क्षेत्र | (क) भूमिगत जल प्रवाहमा प्रभाव, भू-क्षय, पहिरो, पानीको बहाव परिवर्तन, तल्लो तटीय क्षेत्रमा पर्ने प्रभाव<br>(ख) महत्त्वपूर्ण प्रजातिको बासस्थान विनाश तथा सङ्कुचन<br>(ग) अन्य प्रभाव |
| ४. | वायु, जल, ध्वनि र माटोमा पर्ने वातावरणीय प्रदूषणको प्रतिकूल प्रभाव | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(दफा ६ को उपदफा (५) को खण्ड (ग), उपदफा (७) र दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## वन्यजन्तुमैत्री संरचनाको आधारभूत मापदण्ड

१. अण्डरपास संरचनाः

| क्र.स. | वन्यजन्तुको वर्गीकरण | अण्डरपास संरचनाको प्रकार | अण्डरपासको न्यूनतम आकार | | | |
|---|---|---|---|---|---|---|
| | | | २० मिटर लम्बाई भन्दा कम | | २० मिटर वा २० मिटर लम्बाई भन्दा बढी | |
| | | | चौडाई (मिटर) | उचाई (मिटर) | चौडाई (मिटर) | उचाई (मिटर) |
| १. | साना वन्यजन्तु प्रजाति | कल्भर्ट | २.० | २.० | ३.० | २.५ |
| २. | मझौला वन्यजन्तु प्रजाति | कल्भर्ट वा पुल | ६.० | ३.० | ८.० | ३.० |
| ३. | ठुला वन्यजन्तु प्रजाति | पुल | १०.० | ४.० | १५.० | ४.५ |
| ४. | धेरै ठुला वन्यजन्तु प्रजाति | पुल | १२.० | ६.५ | १५.० | ६.५ |

द्रष्टव्यः वन्यजन्तुमैत्री संरचनाको लम्बाई भन्नाले पूर्वाधारको चौडाई सम्झनु पर्छ।

२. ओभरपास संरचनाः

(क) जमिनमा विचरण गर्ने जङ्गली हात्ती, गैंडा प्रजातिको लागि संरचना सम्मको पहुँचको भिरालोपन बीस डिग्रीभन्दा बढी नहुने गरी र चौडाइ कम्तीमा बीस मिटर हुने गरी निर्माण गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ख) हात्ती र गैंडा बाहेक जमिनमा विचरण गर्ने अन्य प्रजातिका लागि भिरालोपना तीस डिग्रीभन्दा बढी नहुने गरी र चौडाई कम्तीमा दस मिटर हुने गरी निर्माण गर्नु पर्नेछ।

(ग) एउटा रुखबाट अर्को रुखमा विचरण गर्ने बाँदर, लोखर्केजस्ता प्रजातिको लागि डोरी, तार तथा अन्य सामग्री प्रयोग गरी नहर, सडक, रेलमार्ग जस्ता पूर्वाधारभन्दा कम्तीमा पाँच मिटर माथि रहने गरी क्यानोपी ब्रीज निर्माण गर्नु पर्नेछ।

३. अन्य संरचनाः

(क) सिँचाइ तथा नदी नियन्त्रण संरचनामा आवश्यकता अनुसार र्‍याम्प निर्माण गर्नु पर्नेछ।

(ख) जलविद्युत आयोजनाको हेडरेस पाइप तथा पेनस्टक पाइप, पेट्रोलियम पाइप लाइन लगायत अन्य यस्तै प्रकृतिका पाइप लाइन सम्भव भएसम्म जमिन मुनि गाड्नु पर्नेछ।

(ग) विद्युत प्रसारण लाइनको हकमा तारमा एभियन डाइभर्टर, रिफ्लेक्टर, इन्सुलेटर जस्ता उपकरण आवश्यकता अनुसार जडान गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

अनुसूची-५
(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

<u>राय सुझाव दिँदा समावेश गर्नु पर्ने विषयवस्तु</u>

१. आयोजनाको नाम र निर्माणस्थल
२. आयोजना स्थलमा पाइने मुख्य मुख्य वन्यजन्तुको प्रजाति
३. वन्यजन्तुको आवागमन मार्गको नक्सा, कोअर्डिनेट सहितको विवरण
४. वन्यजन्तुको आवागमन सहजताको लागि उपयुक्त संरचनाको प्रकार, स्थान र सङ्ख्या
५. सम्बन्धित पदाधिकारीको राय सुझाव
६. अन्य सान्दर्भिक विवरण ।

आज्ञाले,
डा. पेम नारायण कंडेल
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.२०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।